# हतुवागढी गाउँपालिकाको आर्थिक ऐन, २०८२

हतुवागढी गाउँपालिका
घोडेटार, भोजपुर

# हतुवागढी गाउँपालिकाको आर्थिक ऐन, २०८२

## हतुवागढी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** हतुवागढी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हतुवागढी गाउँ सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।

२. यो ऐन २०८२ साल श्रावण १ गतेदेखि हतुवागढी गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

३. सम्पत्ति तथा भूमिकरः गाउँपालिका क्षेत्रभित्र सम्पत्ति तथा भूमिकर लगाइने र असूल उपर गर्नु पर्नेमा कर असुलका लागि तयारी नभएकोले अनुसूचि (१) बमोजिम धुरी कर र मालपोत असूल गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रो, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५.**व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **बहाल बिटौरी शुल्क** : यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा र भवन प्रयोग गरे बापत बहाल बिटौरी शुल्क अनुसूचि (४) बमोजिम लगाइने र असुल गरिनेछ।

७. **सवारी साधन कर** : यस गाउँपालिका क्षेत्र भित्र संचालन रहने सवारी साधनहरुमा अनुसूचि (५) बमोजिम लगाइने र असुल गरिनेछ।

८. **विज्ञापन कर** : गाउँपालिकाको क्षेत्रमा रहेका विज्ञापनहरुमा अनुसूचि (६) बमोजिम लगाइने र असुल गरिनेछ ।

९.**जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो जडीबुटी, वनकस(खर) कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जिवजन्तु बाहेकका अन्य मृत वा मारिएको जिवजन्तुको हाड, सिङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत गाउँपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर अनुसूची-७ बमोजिम लगाइने र असुल गरिनेछ।

१०.**पार्किङ्ग शुल्क** : गाउँपालिकाको क्षेत्रमा रहेका सवारी साधन पार्किङ्ग स्थलहरुमा अनुसूचि (८) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल गरिनेछ ।

११.**सडक मर्मत सम्भार शुल्क** : गाउँपालिकाको क्षेत्रमा रहेका सडकहरुमा अनुसूचि (९) बमोजिम सडक मर्मत सम्भार शुल्क लगाइने र असुल गरिनेछ ।

१२.**व्यक्तिगत घटना दस्तुर** : व्यक्तिगत घटना ३५ दिन भित्र दर्ता हुन आएका निःशुल्क दर्ता भएतापनि उक्त समयवधी पछि व्यक्तिगत घटना दर्ता गर्न आउनेलाई नियमानुसार जरिवाना दस्तुर स्वरुप रकम असुल गरिनेछ ।

१३ **सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १० मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५.**ठेक्का आह्वान गर्न सक्नेः** १) यस ऐन बमोजिम संकल गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यक्ता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गर्न सक्नेछ ।तर दुई पटकसम्म सूचना प्रकाशन गर्दा ठेक्का नपरेमा गाउँ कार्यपालिकाको निर्णयबमोजिम अमानतबाट संकलन गर्न वाधा पर्नेछैन।

२)यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति, फर्म, संस्था वा कम्पनी वा निर्माण व्यवसायी ईजाजत प्राप्त व्यक्तिले मात्र प्रतिस्पर्धा गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

३) हतुवागढी गाउँपालिकाको कर संकलन गर्न सामान्यतया ठेक्का आह्वान गरिनेछैन । तर ढुङ्गा गिट्टी बालुवा उत्खनन् तथा विक्रीवितरण, जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर, बहाल विटौरी शुल्क तथा विज्ञापन कर लगायतको संकलनका लागि ठेक्का वन्दोवस्त गर्नुपर्नेछ ।

४) यस दफाबमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक वढावढ सम्बन्धि कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधि अर्को व्यवस्था नभएसम्म प्रचलित संघीय तथा प्रादेशिक कानून तथा गाउँ कार्यपालिकाको निर्णयलाई आधार मानिनेछ ।

६)ठेक्का सम्झौता गर्दा कबोल गर्दा कबोल गरेको रकम एकमुष्ट अग्रिम बुझाई सम्झौता गर्न आएमा दश प्रतिशत छुट दिइने छ ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**हतुवागढी गाउंपालिकाको लागि आ.व. २०८२/०८३ देखि लागू हुने गरी गाउं कार्यपालिका तथा गाउंसभाको लागि सिफारिस गरिएको कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवाना एवं राजश्व अनुमानको विवरण र करको दररेट**

## अनुसूची-१

**१. सम्पत्ती कर /सम्पत्ती तथा भूमिकरको दररेट**

(सम्पत्ती कर र भूमि करको तयारी नभए सम्म घर धुरी कर र मालपोत लिने)

### घर धुरी कर

| क्र.सं. | घरको विस्तृत विवरण तथा प्रकार | स्वीकृत दर रु | कैफियत |
|---|---|---|---|
| १ | पक्की घर | २०० | |
| | प्रती तला थप | १०० | |
| २ | च्यादर/टायलको घर | १०० | |
| | प्रती तला थप | ५० | |
| ३ | फुसको घर | ५० | |

### भूमिकर (मालपोत)

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | मालपोत/ भुमि कर | **पाखा बारी तर्फ** | | |
| | | अब्बल (प्रति रोपनी रु ) | १५.०० | |
| | | दोयम (प्रति रोपनी रु ) | १४.०० | |
| | | सिम ( प्रति रोपनी रु ) | १३.०० | |
| | | चाहार (प्रति रोपनी रु) | १२.०० | |
| | | **खेत तर्फ** | | |
| | | अब्बल (प्रति रोपनी रु ) | २५.०० | |
| | | दोयम (प्रतिरोपनी रु ) | २२.०० | |
| | | सिम (प्रतिरोपनी रु ) | २०.०० | |
| | | चाहार (प्रतिरोपनी रु ) | १८.०० | |

## अनुसूची २

## घर जग्गा बहाल करको दररेट

गाउँपालिका क्षेत्रमा आफ्नो नाम वा स्वामित्वमा रहेको घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा यस्तै प्रकारका संरचना पुरै वा आशिंक रूपमा बहालमा दिएमा सम्बन्धित घरधनीबाट बहाल सम्झौता रकमको १० प्रतिशत घर बहाल करको रूपमा लिईनेछ ।

## अनुसूची ३

## व्यवसाय कारोबारको बार्षिक करको दररेट

| व्यवसाय कर | | | | |
|---|---|---|---|---|
| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
| १ | मदिरा पसल | वितरक | ३००० | |
| | | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | २००० | |
| | | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५०० | |
| | | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| ४ | सुनचाँदी पसल | थोक | १५०० | |
| | | खुद्रा पसल र मर्मत | १००० | |
| ५ | औषधी पसल | थोक | ३००० | |
| | | खुद्रा डाक्टर भएको | २००० | |
| | | खुद्रा डाक्टर नभएको | १५०० | |
| ६ | माछामासु बिक्री पसल | | १००० | |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५०० | |
| ८ | एग्रोभेट पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | २००० | |
| | | साधारण प्रेस | १००० | |
| ११ | कस्मेटिक पसल | | १५०० | |
| १२ | मोटर पार्ट्स | थोक | २००० | |
| | | खुद्रा | १५०० | |
| १३ | प्लाइ तथा ग्लास | थोक | २५०० | |
| | | खुद्रा | १५०० | |

| | | | | |
|---|---|---|---|---|
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| १५ | धागो टाक पसल | थोक | १५०० | |
| | | खुद्रा | ७०० | |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | ३००० | |
| | | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ५००० | |
| | | खुद्रा | ३००० | |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५००० | |
| | | पेट्रोल बिक्री केन्द्र | ३००० | |
| | | ग्यास सिलिन्डर सब डिलर | ३००० | |
| | | मट्टितेल मात्र बिक्री | २००० | |
| १९ | स्टिल आलमुनियम पसल | थोक | २००० | |
| | | खुद्रा | १००० | |
| २० | फर्निचर | थोक | १५०० | |
| | | खुद्रा | १००० | |
| २१ | ढुङ्गा,गिट्टी तथा ग्राबेल बिक्रि तथा निकासी | प्रति घन मिटर | २८० | भ्याट सहित |
| २२ | बालुवा बिक्रि तथा निकासी | प्रति घन मिटर | २४० | भ्याट सहित |
| २३ | ढुङ्गा,गिट्टी,ग्राबेल तथा बालुवा चोरी निकासी गरेको पाईएमा जरीवाना | प्रति ट्याक्टर | १०,००० | |
| | | छ चक्के ट्रिपर | १५,००० | |
| | | १० चक्के ट्रिपर | २०,००० | |
| २४ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १००० | |
| | | हाते मेसिन | २०० | |
| २५ | स्नुकर तथा पुल हाउस | | २००० | |
| २६ | क्यारेम बोर्ड | | ५०० | |
| २७ | पशु आहार बिक्री केन्द्र | | १००० | |
| २८ | किराना पसल | थोक | १५०० | |
| | | खुद्रा | ५०० | |
| २९ | फलफूल/तरकारी पसल | थोक | ८०० | |
| | | खुद्रा | ४०० | |
| ३० | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १००० | |
| | | खुद्रा | ५०० | |
| ३१ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १००० | |
| | | खुद्रा | १००० | |
| ३२ | माटाको भाँडा पसल | थोक, खुद्रा | २०० | |
| ३३ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २००० | |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २००० | |
| | | कानुन व्यावसायी ल फर्म | २००० | |
| | | लेखापरीक्षण व्यावसायी | २००० | |
| | | दन्तचिकित्सक | २००० | |
| | | अनुसन्धानकर्ता परामर्शदाता | २००० | |

| | | | | |
|---|---|---|---|---|
| | | पशु चिकित्सक डाक्टर | २००० | |
| | | रोजगार सेवा | ३००० | |
| ३४ | ढुवानी तथा ट्रान्सपोर्ट | | २००० | |
| ३५ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १००० | |
| ३६ | खोटो व्यवसायी | | २००० | |
| ३७ | जग्गा व्यवसायी | | ५००० | |
| ३८ | निर्माण व्यवसायी | | ५००० | |
| ३९ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५० | |
| ४० | ग्रील उद्योग | | ३००० | |
| ४१ | जुत्ता उद्योग | | १५०० | |
| ४२ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | १००० | |
| ४३ | कपडा तथा गार्मेन्ट उद्योग | | ५००० | |
| ४४ | सिरक डसना उद्योग पसल | | १५०० | |
| ४५ | कुटानी पेलानी/ मिल | | १५०० | |
| ४६ | मसला मिल | | १००० | |
| ४७ | डेरी उद्योग/ व्यवसाय | | ५०० | |
| ४८ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | १००० | |
| | | दालमोट पाउरोटी चाउमीन | १००० | |
| | | पापड चिप्स फिगर | १५०० | |
| ४९ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | ५००० | |
| | | काठ बिक्री डिपो | २००० | |
| ५० | क्रसर, कन्क्रीट, इटा भट्टा उद्योग | | १०००० | |
| ५१ | ढाकाटोपी पस्मिना उद्योग | | ५०० | |
| ५२ | सुर्तिजन्य उद्योग | | ५००० | |
| ५३ | होटल लज रेष्टुरेन्ट | होटल र लज | २००० | |
| | | भोजनालय | १००० | |
| | | मिठाई पसल | ५०० | |
| | | पार्टी प्यालेस | २५०० | |
| | | रेष्टुरेन्ट-बार | २००० | |
| | | चिया र खाजा पसल | ५०० | |
| | | साना,खाजा-नास्ता पसल (मदिरासहित) | २००० | |
| ५४ | टेन्ट हाउस | | २००० | |
| ५५ | सञ्चार | एफ.एम. प्रसारण | २००० | |
| | | केवुल च्यानल प्रसारण | २००० | |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १००० | |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | १००० | |
| | | कुरियर सेवा | १००० | |
| | | कलर ल्याब/ फोटोस्टुडियो | १००० | |
| ५६ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय | १०००० | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यालय | | |
| | | विकास वैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ९००० | |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | ७००० | |
| | | वित्तीय/ ऋण सहकारी संस्था दर्ता | ३००० | |
| | | मनी ट्रान्सफर | १५०० | |
| | | विमा कम्पनी | २००० | |
| | | सहकारी संस्था नवीकरण | २००० | |
| | | लघु वित्त | ५००० | |
| ५७ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २५०० | |
| | | क्लिनिक तथा ल्याब | १५०० | |
| | | चस्मा पसल | १५०० | |
| ५८ | निजी/सामुदायिक विद्यालय, शिक्षा क्षेत्र सँग सम्बन्धित सिकाई केन्द्र, तालिम केन्द्र एवं ट्युशन सेन्टर स्थापना, स्तरवृद्धी तथा ठाउँसारी सिफारिस | क्याम्पस | २००० | |
| | | मावि | १००० | |
| | | आधारभूत | १००० | |
| | | प्राथमिक | १००० | |
| | | छात्रावास | १००० | |
| | | मन्टेश्वरी | १००० | |
| | | पूर्व प्राथमिक | ८०० | |
| | | ट्युशन सेन्टर | १५०० | |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्द्र | १००० | |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १००० | |
| | | निजी विद्यालय ठाउँसारी सिफारिस | ५००० | |
| | | सरकारी विद्यालय ठाउँसारी सिफारिस | ३००० | |
| ५९ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १००० | |
| | | इन्जिन मर्मत | १५०० | |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १५०० | |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १००० | |
| | | मोटरसाइकल मर्मत | १५०० | |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | २००० | |
| | | अन्य विविध मर्मत | १००० | |
| ६० | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | १००० | |
| ६१ | फूल विरुवा पसल | | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २००० | |
| | | अन्तराष्ट्रिय | ५००० | |
| ६३ | जडिबुटी/मौसमी तथा बेमौसमी फलफूल | व्यवसायमुलक | ५००० | |
| | | मध्यम | २००० | |
| | | निम्न | १००० | |
| ६४ | कवाडी पसल | | १००० | |
| ६५ | आइसक्रिम पसल | | १०० | |
| ६६ | मूर्ति पसल | | २०० | |
| ६७ | पान पसल | | २०० | |
| ६८ | दुग्ध व्यवसाय | | ५०० | |
| ६९ | माछा पालन व्यवसाय | | ५०० | |
| ७० | बाखा तथा पशु व्यवसाय | | ५०० | |
| ७१ | काठ चिरान उद्योग | | २००० | |
| ७२ | वैदेशिक रोजगार व्यवसाय | | २००० | |
| ७३ | सिपमुलक स्वरोजगार सेवा | | १००० | |
| ७४ | घरेलु उद्योग/मदिरा/अचार | | २००० | |
| ७५ | सुठो तथा अदुवा उद्योग | | ५०० | |
| ७६ | माइक्रो हाइड्रो | १० किलोवाटसम्म | २००० | |
| | | १० किलोवाटभन्दामाथि | ५००० | |

## अनूसुचि ४

## बहाल बिटौरी शुल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल बिटौरी शुल्क | टहरो छाप्रोको मासिक | ५०.०० | |
| | | घर बनेको | १००.०० | |
| | | घुम्ती मासिक | ५०.०० | |
| | | ठेला मासिक | ५०.०० | |
| २ | बहाल बिटौरी शुल्क | रागाँको मासु पसल (प्रति रांगो) | १००.०० | |
| | | सुंगुरको मासु पसल (प्रति सुंगुर) | ५०.०० | |
| | | कुखुरा प्रतिगोटा | ५.०० | |
| | | जडिबुटी पसल | ३०.०० | |
| | | जिउँदा रागों प्रतिगोटा | १००.०० | |
| | | खसि बोका प्रतिगोटा | २०.०० | |
| | | जिउँदो सुंगुर प्रतिगोटा | २०.०० | |
| | | सुंगुरको पाठो प्रतिगोटा | १०.०० | |
| | | खाद्यान्न सामाग्री पसल | १५.०० | |
| | | तरकारी पसल | १०.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | चिउरा पसल | २०.०० | |
| | | डोका नाङ्लो पसल | २०.०० | |
| | | खुद्रा किराना पसल | २५.०० | |
| | | फलफुल पसल | १०.०० | |
| | | कच्चा सूर्ति पसल | २५.०० | |
| | | इलेक्ट्रोनिक्स सामानको पसल | ३०.०० | |
| | | शनिवारे होटेल | ५०.०० | |
| | | पाउरोटी पसल | २०.०० | |
| | | माटाका भाडापसल | १०.०० | |
| | | तयारी कपडा जुत्ता पसल | ५०.०० | |
| | | हरेक माल खुद्रा घुमन्ते पसल | ५०.०० | |
| | | खसी बोकाको मासु पसल | १००.०० | |
| | | माछा (आलो) पसल | ५०.०० | |
| | | सुकुटी माााछा पसल | २५.०० | |
| | | राडी गलैंचा पसल | ५०.०० | |
| | | घुमन्ते जादु प्रदर्शनी | १००.०० | |
| | | कस्मेटीक सिंगार सामान पसल | ५०.०० | |
| | | स्थानीय उत्पादित फलामे औजार पसल | १०.०० | |
| | | अण्डा पसल | ५.०० | |
| | | छालाको सामान पसल | २०.०० | |
| | | चटपटे पसल | ५०.०० | |
| | | झूल तन्ना आदि सामाग्रीको घुमन्ते पसल | ५०.०० | |
| | | धातुका भाडा पसल | ८०.०० | |
| ३ | स्रोत परिचालन | सभा हल भाडा प्रतिदिन | ५००.०० | |
| | | वहुउद्देश्यीय सभाहल प्रतिदिन | १०००.०० | |
| | | विवाह लगायत संस्कारजन्य कार्यक्रम | गाउँपालिका निर्णयानुसार | |
| | | कुर्सी भाडा प्रतिदिन/ प्रतिगोटा | ५.०० | |

## अनूसुचि ५

### सवारी साधन कर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | अटो रिक्सा | १००० | |
| | | इ-रिक्सा | ५०० | |

## अनुसूची ६

### विज्ञापन करको दररेट

| सि.न. | विवरण | दर रू. | अवधि |
|---|---|---|---|
| १ | बिज्ञापन सामाग्री २५ व.फि.सम्मको | ८००।- | बार्षिक |
| २ | बिज्ञापन सामाग्री सार्वजनिक स्थानमा प्रति स्क्वायर फिट | १५।- | प्रति महिना |
| ३ | बिज्ञापन सामाग्री २५ व.फि. भन्दा बढीको प्रति व.फि | २००।- | बार्षिक |
| ४ | साना किसिमका प्रचारका बोर्डहरू ४ व.फि.सम्मको | १००।- | अर्धबार्षिक |
| ५ | १ मिटर १ व.फि. सम्मको बिज्ञापनलाई १ महिनासम्मको लागि | १।- | प्रति दिन |
| ६ | बुदा नं. ५ भन्दा बढी समयका लागि बिज्ञापन राख्नु परेमा | २।- | प्रति दिन |
| ७ | बिद्युतपोलमा पेन्टीङ गर्नेलाई प्रतिवर्ग मिटर प्रति पोलमा | १००।- | प्रति महिना |
| ८ | वाल पेन्टिङ घर टहरा सार्वजनिक स्थलमा प्रति स्क्वायर फिट | १०।- | प्रति महिना |
| ९ | अन्यको हकमा गाउ कार्यपालिकाले तोके बमोजिम हुनेछ | | प्रति महिना |

# अनुसूची ७

## जडीबुटी, कवाडी र जीवजन्तु निकासी करः

| सि.नं. | करको क्षेत्र | एकाई | स्वीकृत दररेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | खयर निकासी शुल्क | प्रति ट्र्याक्टर | ५००० | |
| | | प्रति ट्रक (सानो ६ चक्के) | १२००० | |
| | | प्रति ट्रक (ठूलो १० चक्के) | २०००० | |
| २ | उत्तिस गोलिया निकासी शुल्क | प्रति ट्र्याक्टर | २४०० | |
| | | प्रति ट्रक (सानो ६ चक्के) | ७००० | |
| | | प्रति ट्रक (ठूलो १० चक्के) | ११००० | |
| ३ | चिलाउने, सल्ला पात्ले,लगायतका कुकाठ गोलिया निकासी कर | प्रति ट्र्याक्टर | १५०० | |
| | | प्रति ट्रक (सानो ६ चक्के) | ४००० | |
| | | प्रति ट्रक (ठूलो १० चक्के) | ७००० | |
| ४ | चिलाउने, उत्तिस, पात्ले, सल्लो लगायतका कुकाठ चिरानी काठ निकासी कर | प्रति ट्र्याक्टर | ३००० | |
| | | प्रति ट्रक (सानो ६ चक्के) | ७००० | |
| | | प्रति ट्रक (ठूलो १० चक्के) | ११५०० | |
| ५ | बाँस निकासी | प्रति ट्र्याक्टर | १५०० | |
| | | प्रति ट्रक (सानो ६ चक्के) | ४००० | |
| | | प्रति ट्रक (ठूलो १० चक्के) | ७००० | |
| ६ | अलैची निकासी कर | प्रति किलो | रु.१५ | |
| ७ | अदुवा निकासी | प्रति किलो | रु.२ | |
| ८ | खुर्सानी | प्रति केजी | रु.२ | |
| ९ | अम्रिसो निकासी | प्रति किलो | रु.२ | |
| १० | तरकारी निकासी | प्रति ट्याक्टर | रु.५०० | |
| ११ | दाल निकासी | प्रति किलो | रु.५ | |
| १२ | चिराईतो लगायतका अन्य जडीबुटी निकासी | प्रति किलो | रु.१० | |
| १३ | सुन्तला | प्रति किलो | रु.१ | |
| १४ | कागती | प्रति किलो | रु.१ | |
| १५ | नाङ्लो | प्रति गोटा | रु.२ | |
| १६ | किवी ड्रागन फ्रुट एभोकाडो | प्रति केजी | रु.२ | |

| | | | | |
|---|---|---|---|---|
| १७ | अन्न (धान मकै गहुँ कोदो) | प्रति केजी | रु.२ | |
| १८ | दुध दही | प्रति केजी | रु.२ | |
| १९ | घिउ | प्रति केजी | रु २० | |
| २० | मह | प्रति केजी | रु २० | |
| २१ | चुक अमिलो | प्रति केजी | रु २० | |
| २२ | बाखा, खसी, भेडा, च्याङ्ग्रा | प्रति गोटा | रु.२० | |
| २३ | गाई, गोरु, भैंसी, राँगा, सुँगुर लगायतका चौपाया | प्रति गोटा | रु.५० | |
| २४ | रुद्राक्ष | प्रति ट्र्याक्टर | रु. ५०० | |
| २५ | खोटो प्रति टिन | प्रति टिन | रु. २५ | |
| २६ | बदाम | प्रति केजी | रु. २ | |
| २७ | कफी दाना | प्रति केजी | रु. २ | |
| २८ | खाली सिसि तथा बोतलहरु | प्रति केजी | रु. १ | |
| २९ | प्लास्टिकको बोतल, भाँडा लगायत अन्य प्लास्टिक जन्य सामानहरु | प्रति केजी | रु. १ | |
| ३० | जुट तथा प्लास्टिकको बोरा | प्रति केजी | रु. १ | |
| ३१ | पुराना कागज (पुराना कापी, किताब,न्युज प्रिन्ट) तथा कार्टुन | प्रति केजी | रु. १ | |
| ३२ | धातुका टुक्राहरु र पत्र भई काम नलाग्ने धातुजन्य सामाग्रीहरु, मेशिन तथा औजारहरु | प्रति केजी | रु. २ | |

## अनुसूची-८

# सवारी पार्किङ्ग शूल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, टयाक्टर, जीप प्रतिदिन | २०.०० | |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिदिन | १०.०० | |
| नोटः पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने । | | | | |

## अनुसूची-९

# सडक मर्मत सम्भार शूल्क

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी साधन | बस ट्रक लरी र हेभी गाडी | ३०००.०० | |
| | | भाडाका कार जिप | २०००.०० | |
| | | निजी कार, जीप, मयुरी | १०००.०० | |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५००.०० | |
| | | ठेलागाडा तथा रिक्सामा | ५००.०० | |
| २ | पटके सवारी साधन | बस ट्रक ट्रयाक्टर तथा अन्य हेभी सवारी साधन | १००.०० | |
| | | साना कार जिप मोटरसाइकल | २५.०० | |
| ३ | हेभी गाडी तथा डोजर | जेसिवि चक्कावाला | १००००.०० | |
| | | स्काभेटर/ जेसिवि चेन भएको | २५०००.०० | |

## अनुसूची-१०

# गाउँपालिकाले लगाउने अन्य सेवा शुल्क तथा दस्तुरहरू

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| सिफारीस शूल्क | | | | |
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | २०० | |
| | | ६ देखि १० रोपनीसम्म | २५० | |
| | | ११ देखि २० रोपनीसम्म | ३०० | |
| | | २१ देखि ५० रोपनीसम्म | ३५० | |
| | | ५१ रोपनीभन्दा माथि | ६०० | |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | २०० | |
| | | १ रोपनी भन्दा माथिको | ३०० | |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ४ | |
| | | कच्ची घर (प्रति वर्ग फिट) | ३ | |

| | | | | |
|---|---|---|---|---|
| ४ | सरजमिन सिफारीस दस्तुर | | ५०० | |
| ५ | छात्रवृति सिफारीस | | २५० | |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | |
| ८ | अस्थाइ बसोबास सिफारीस | | ५०० | |
| ९ | स्थायी बसोबास सिफारीस | | २०० | |
| १० | नागरिकता सिफारीस | वंशज | २०० | |
| | | अंगिकृत | ५०० | |
| ११ | विद्युत जडान सिफारीस | | २०० | |
| १२ | धारा जडान सिफारीस | | २०० | |
| १३ | जीवित रहेको सिफारीस | | ५०० | |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | ५०० | |
| १५ | व्यवसाय बन्द सिफारीस | | २०० | |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | २०० | |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | २०० | |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | १,०००.०० | प्रति पक्ष रु ५०० |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | २०० | |
| २० | चौपाया सम्बन्धी सिफारीस प्रतिगोटा | | ५० | |
| २१ | व्यवसाय दर्ता सिफारीस | | २,०००.०० | |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | १,०००.०० | |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | १,०००.०० | |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस जिल्ला भित्र | | ५०० | |
| २५ | आन्तरिक बसाइसराइ सिफारीस जिल्ला बाहिर | | १,५००.०० | |
| २६ | बसाइसराइ सिफारीस अन्तराष्ट्रिय | | ५,०००.०० | |
| २७ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | १,५००.०० | |
| २८ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | २०० | |
| २९ | जग्गा दर्ता सिफारीस | | ५०० | |
| ३० | संरक्षक सिफारीस व्यक्तिगत | | २०० | |
| ३१ | संरक्षक सिफारीस संस्थागत | | २०० | |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | ५०० | |
| ३३ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | २०० | |
| ३४ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | - | निशुल्क |

| | | | | |
|---|---|---|---|---|
| | | सशुल्क उपचारको लागि | २०० | |
| ३५ | गाउँपालिकामा समिति तथा संस्था दर्ता शुल्क | | १,०००.०० | |
| ३६ | सामुदायिक तथा कबुलियति वन नविकरण शुल्क (वार्षिक) | | १००० | |
| ३७ | संस्था/समुह दर्ता सिफारीस वडाबाट | | २०० | |
| ३८ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | २०० | |
| ३९ | निरोगिताको सिफारीस | | २०० | |
| ४० | जीवित सँगको नाता प्रमाणित | | २०० | |
| ४१ | मृतकसँगको नाता प्रमाणित | | २०० | |
| ४२ | सम्पती तथा आय प्रमाणित | | जम्मा आयको ०.१० प्रतिशत | |
| ४३ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | २०० | |
| ४४ | जग्गा मुल्याङ्कन सिफारीस/प्रमाणित | मालपोत | २०० | |
| | | चलन चल्तीमा प्रतिलाख रु. ५० का दरले लागू हुने | ५० | |
| ४५ | चारकिल्ला प्रमाणित | | २०० | |
| ४६ | जन्ममिति प्रमाणित | | २०० | |
| ४७ | घर बाटो प्रमाणित | सडकले छोएको | ५०० | |
| | | सडकले नछोएको | २०० | |
| ४८ | विवाह प्रमाणित | | ५०० | |
| ४९ | घर पाताल प्रमाणित | | २०० | |
| ५० | कागज/ मञ्जुरिनामा प्रमाणित | | २०० | |
| ५१ | हकवाला वा हकदार प्रमाणित | | २०० | |
| ५२ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १,०००.०० | |
| | | कच्ची | ५०० | |
| ५३ | अविवाहित प्रमाणित | | ५०० | |
| ५४ | अपुताली सिफारिस | | ५०० | |
| ५५ | अन्य सिफारीस वा प्रमाणित | | २०० | |
| ५६ | घर नक्सापास दस्तुर | पक्की घर | १,०००.०० | |
| | | कच्ची घर | ५०० | |
| ५७ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५० | |
| ५८ | सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको विक्रि गरेवापत प्राप्त हुने रकमको दश प्रतिशत गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने। | | | |
| ५९ | सरसफाइ शुल्क | मासिक | १०० | |
| | | सरसफाइ कार्डको | ५० | |

| | | | | |
|---|---|---|---|---|
| ६० | घ वर्गको निर्माण व्यवसायी लाइसेन्स (इजाजतपत्र) शुल्क | इजाजतपत्र दस्तुर | २५,०००.०० | |
| | | नविकरण दस्तुर | ५०००.०० | |
| ६१ | बसाइसराइ सामाग्री सिफारिस | | ५०० | |
| | नोटः सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | |
| ६२ | बहाल घर खाली गराउँदा प्रतिदिन | | ५०० | |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ । | | | | |
| ६२ | जन्म दर्ता | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २०० | |
| ६३ | मृत्य दर्ता | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २०० | |
| ६५ | बसाइसराइ जाने आउने दर्ता | ३५ दिन भित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २०० | |
| ६६ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २०० | |
| ६७ | विवाह दर्ता शुल्क | ३५ दिनभित्र | निशुल्क | |
| | | ३५ दिन पछी | २०० | |
| ६८ | घटना दर्ता प्रमाण पत्र प्रतिलिपी शुल्क | | ५०० | |
| ६९ | उजुरी दर्ता, प्रतिउत्तर तथा मुद्दा दस्तुर | | २०० | |
| ७० | व्यवसाय नविकरण | | ५०० | |
| ७१ | व्यवसाय नविकरण नगरे जरिवाना (प्रतिवर्ष) | | ५०० | |
| ७२ | व्यवसाय प्रमाणपत्र प्रतिलिपि दस्तुर | | ५०० | |
| ७३ | वन | सामुदायिक वन तथा कबुलीयती वन सिफारीस शुल्क | ५०० | |
| | | सामुदायिक वन तथा कबुलीयती वन गाउँपालिकामा दर्ता शुल्क | १,०००.०० | |
| | | सामुदायिक वन तथा कबुलीयती वन गाउँपालिकामा नविकरण | ५००.०० | |
| ७४ | हाटबजार कर | वार्षिक (ठेक्का) | ४०,०००.०० | |
| ७५ | तालिम तथा कन्सल्टेन्सी संस्था दर्ता | | १,०००.०० | |
| ७६ | निवेदन दस्तुर | | १० | |
| ७७ | मिलापत्र प्रतिपक्ष शुल्क | | ५०० | |
| ७९ | व्यवसाय निवेदन शुल्क | | १०० | |
| ८० | स्थलगत सर्जमिन | | १,०००.०० | |
| ८१ | पेन्सन बापत | नेपाल | १,०००.०० | |

| | | | | |
|---|---|---|---|---|
| | | भारत | ३,०००.०० | |
| | | बेलायत, सिंगापुर र अन्य देश | ५,०००.०० | |
| ८२ | तारीतराई शुल्क भोजपुर जिल्ला बाहिरबाट हतुवागढी गाउपालिकाको वडा नं. ६ र ९ बाट आउने मालसामान | प्रति के.जि. ७५ पैसा नबढ्ने गरी सो मध्य २५ पैसा गाउँपालिकाले तारीतराई शुल्क लिने | ०.२५ | नोटः ठेक्का मार्फत तोकिएको मिति देखि लागु हुने । ठेकेदारले ७५ पैसा मध्य ५० पैसा ढुवानी तथा मालसामान व्यवस्थापनका लागि र २५ पैसा गाउँपालिकालाई बुझाउने । |
| ८३ | कन्सुलर प्रमाणित शुल्क | | २५० | |
| ८४ | राजपत्र दस्तुर | प्रति पानाको | १ | |
| ८५ | मौजुदा सूची दस्तुर | | ५०० | |
| ८६ | कृषी तथा पशुपंक्षी समुह तथा निजी एवं सामुदायिक वन सुचीकरण | | १०० | |
| ८७ | गाउँपालिकाबाट शिक्षक तथा कर्मचारी नियुक्ती गर्दा लिइने परीक्षा शुल्क | श्रेणीविहिन, बालवकिास | ३०० | |
| | | चौथो तह/प्रा.वि. तह | ५०० | |
| | | पाँचौ तह/नि.मा.वि. तह | ७०० | |
| | | छैटौ तह/सातौं तह/आठौं तह/मा.वि. तह | १००० | |
| ८८ | गाउँपालिकामा गरिने विभिन्न फोटोकपी तथा प्रिन्टिङ् सेवा शुल्क | फोटोकपी प्रति गोटा | २.५ | |
| | | प्रिन्ट प्रति गोटा | ५ | |
| ८९ | कृषी तथा पशुपालन समूह | दर्ता शुल्क | ५०० | |
| | | नविकरण शुल्क | ४०० | |
| | | विलम्व शुल्क प्रति वर्ष | १०० | |
| ९० | खयर र साल बाहेक सबै प्रकारका काठ, गोलिया कटान सिफारीस शुल्क | प्रति गोटा | १०० | |
| ९१ | साल प्रजातिको काठ कटान सिफारिस | प्रति गोटा | ३०० | |
| ९२ | खयरको कटान सिफारिस | प्रति गोटा | ५०० | |

## योजना सम्झौता सिफारिस

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | योजना सम्झौता सिफारिस | ५ लाख सम्म | २०० | |
| | | ५ लाख देखि २५ लाख सम्म | ५०० | |
| | | २५ लाख एक देखि ५० लाख सम्म | १००० | |
| | | ५० लाख एक देखि १ करोड सम्म | २००० | |

## नागरिक आरोग्य सेवा केन्द्र तर्फका सेवा तथा स्वीकृत दर

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | OPD/दर्ता शुल्क | | १० | |
| | OPD/नविकरण शुल्क | | ५ | |
| २ | थेरापी तर्फ | | | |
| | एकाङ्ग स्वेदन | ६ दिन | ५० | |
| | सर्वाङ्ग स्वेदन | ६ दिन | १०० | |
| ३ | सिज वाथ | ६ दिन | १५० | |
| ४ | कटी वस्ती | ६ दिन | १०० | |
| ५ | स्वेदन कर्म | ६ दिन | १०० | |

## पशुपन्छी सेवा शाखा तथा पशु सेवा केन्द्र तर्फका सेवा तथा स्वीकृत दर

| सि.नं. | विवरण | दर्ता शुल्क | स्वीकृत दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | बन्ध्याकरण | बोका | रु. ३०/- प्रति पशु | कार्यालयमा |
| | | बहर | रु. ५०/- प्रति पशु | कार्यालयमा |
| | | बंगुर (बुच्चा) | रु. ५०/- प्रति पशु | कार्यालयमा |
| | | बंगुर (भुनि) | रु. १००/- प्रति पशु | कार्यालयमा |

| | | | | |
|---|---|---|---|---|
| | | कुकुर/बिरालो | रु. २००/- प्रति पशु | कार्यालयमा |
| २ | प्रयोगशाला | गोबर परिक्षण | रु. ३०/- प्रति पशु | कार्यालयमा |
| | | पिसाब परिक्षण | रु. ५०/- प्रति पशु | कार्यालयमा |
| | | थुनेलो (CMT) परिक्षण | रु. १००/- प्रति पशु | कार्यालयमा |
| ३ | मेडिकल उपचार | सानो पशु | रु. ५/- प्रति पशु | कार्यालयमा |
| | | ठूलो पशु | रु. ५०/- प्रति पशु | कार्यालयमा |
| | | OPD मा दर्ता नविकरण | निशुल्क | कार्यालयमा |
| ४ | कृत्रिम गर्भाधान (A.I.) | - | रु. २००/- प्रति पशु | कार्यालयमा |

## विविध शुल्कहरु

| सि.नं. | विवरण | विस्तृत विवरण | स्वीकृत दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | सिनेमा हल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | ०.०२ | |
| | | जादु सर्कस चटक आदिमा प्रतिदिन | ३०० | |
| | | निकासी प्रयोजनार्थ भित्रने सवारी साधन | ३००० | |
| | | चेनवाला डोजर (वार्षिक) | ५०००० | |
| | | जे.सि.बि. (वार्षिक) | ३५००० | |
| २ | व्यक्तिको लेनदेनको कारोबार वडा बाट प्रमाणित गर्दा | रु ५०,००० सम्म | २०० | |
| | | रु ५,००,००० सम्म | ५०० | |
| | | रु १०,००,००० सम्म | १००० | |
| | | रु दश लाख एक देखि माथि | १५०० | |
| ३ | विभिन्न शाखा (स्वास्थ्य, कृषी तथा आयुर्वेद) तथा सेवा केन्द्रहरु (स्वास्थ्य सेवा केन्द्र, पशु सेवा केन्द्र) मार्फत प्रदान गरीने सेवाहरुको सेवा शुल्क | | १० | |
| ४ | दर्ता शुल्क | मोटरबोट जेट बोट दर्ता शुल्क वार्षिक | ५०,००० | |

| | | | | |
|---|---|---|---|---|
| | | मोटरबोट जेट बोट शुल्क वार्षिक नविकरण | ४०००० | |
| ५ | प्रवेश शुल्क पर्यटकीय स्थल | भ्युटावर प्रवेश शुल्क | प्रति व्यक्ति २० | |
| | | हतुवागढी दरबार क्षेत्र | प्रति व्यक्ति २० | |
| | | दिमालुङ स्मारक पार्क | प्रति व्यक्ति २० | |
| | | सिलासुत्केरी | प्रति व्यक्ति २० | |
| | | पैदलमार्ग प्रवेश शुल्क | प्रति व्यक्ति २० | |
| द्रष्टव्यः विधार्थीलाई ५० प्रतिशत छुट । अपाङ्गता भएका, वृद्ध(७० वर्ष माथि) र १० वर्ष मूनिका बालबालिकालाई निशुल्क | | | | |

(क) विद्युत टेलिफोन पोल कर : नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमको पोललाई गाउपालिका क्षेत्रभित्र केन्द्रिय प्रशारण लाईन लाई बार्षिक प्रति पोल रु . १५००।- र स्थानीय प्रशारण लाईन लाई बार्षिक रु.५००।- लिईनेछ ।

(ख) टेलिफोनको टावर : यस गाउपालिकामा कुनै व्यक्तिको जग्गा वा घर वा अन्य जग्गा वा घरमा राखिएका एवं जडान भएका टेलिफोन टावरहरुलाई बार्षिक रु. ५०००।- गाउपालिका शुल्क लिईनेछ ।

(ग) गाउपालिका भित्र प्राकृतिक श्रोत साधनको प्रयोग गर्दा गाउपालिकाको पूर्व अनुमति लिई कर शुल्क बुझाई मात्र प्रयोग गर्न दिईनेछ । प्राकृतिक श्रोत र साधनको उपयोगमा कर, शुल्क दस्तुर निर्धारण गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गरिएको छ ।